(सूचनाको हकसम्वन्धी ऐन, २०६४ को दफा ५(३) तथा सूचनाको हकसम्बन्धी नियमावली, २०६५ को नियम ३ बमोजिम सार्वजनिक गरिएको)

लुम्बिनी प्रदेश सरकार
आर्थिक मामिला तथा योजना मन्त्रालय
राप्ती उपत्यका (देउखुरी), नेपाल

# २०८२ साल कार्तिक देखि पुस मसान्तसम्म सम्पादित प्रमुख क्रियाकलापहरु

## (स्वतः प्रकाशन)

लुम्बिनी प्रदेश सरकार

## आर्थिक मामिला तथा योजना मन्त्रालय

राप्ती उपत्यका (देउखुरी), नेपाल

लुम्बिनी प्रदेश सरकार
आर्थिक मामिला तथा योजना मन्त्रालय
राप्ती उपत्यका (देउखुरी), नेपाल

१. मन्त्रालयको परिचयः

मिति २०७४ साल फागुन ३ गते आर्थिक मामिला तथा योजना मन्त्रालयको नाममा स्थापना भई २०७८ साल भाद्र १३ गते बाट मन्त्रालयको नाम आर्थिक मामिला तथा सहकारी मन्त्रालय कायम भएकोमा प्रदेश सरकारको मिति २०७९ असार ३१ को निर्णयानुसार मन्त्रालयको नाम अर्थ तथा सहकारी मन्त्रालय कायम भएको र मिति २०८० श्रावण १ को निर्णयानुसार मन्त्रालयको नाम अर्थ मन्त्रालय कायम भएकोमा पुनः लुम्बिनी प्रदेश सरकार मन्त्रिपरिषदको मिति २०८१/०१/०६ को निर्णयानुसार नाम परिवर्तन भई आर्थिक मामिला तथा योजना मन्त्रालय नै कायम भएको छ।

२. मन्त्रालयको कार्य विवरणः

- प्रदेशको आर्थिक अवस्थाको विश्लेषण तथा आर्थिक नीतिको तर्जुमा, कार्यान्वयन र नियमन
- प्रदेशस्तरको आर्थिक श्रोतको बाँडफाँट, लगानी प्रक्षेपण र वित्तीय व्यवस्थापन
- प्रदेशस्तरको आर्थिक स्थायित्व र मूल्य स्थिरता सम्बन्धी नीति तर्जुमा, कार्यान्वयन र नियमन
- संघको स्वीकृतिमा बैदेशिक सहयोग, वैदेशिक ऋण र अनुदान प्राप्ति, उपयोग, लेखाङ्कन र प्रतिवेदन
- प्रदेशस्थित सरकारी सम्पत्तिको एकीकृत विवरण र सरकारी बाँकी रकमको लगत तथा असुल उपर
- प्रदेशस्तरिय विकास नीति, प्राथमिकता, आवधिक तथा क्षेत्रगत योजना र वार्षिक विकास कार्यक्रमको तर्जुमा, कार्यान्वयन र अनुगमन तथा मूल्याङ्कन
- राष्ट्रिय तथा अन्तर प्रदेश विकास आयोजनाको समन्वय र सशर्त अनुदानको सदुपयोग
- प्रदेश राजश्व सम्बन्धी नीति तथा कानूनको तर्जुमा, कार्यान्वयन र नियमन
- प्रदेश सार्वजनिक खर्च सम्बन्धी नीतिको तर्जुमा, कार्यान्वयन र नियमन तथा स्थानीय तह अनुदान
- संघीय नीति अनुरुप सह-वित्तीयकरण
- प्रदेश आर्थिक कार्यविधि सम्बन्धी नीति निर्माण, कार्यान्वयन र नियमन
- प्रदेशको बजेट विनियोजन, तर्जुमा, कार्यान्वयन, नियमन र आर्थिक अनुशासन
- प्रदेश सञ्चित कोषको संचालन तथा व्यवस्थापन र प्रदेश लेखा नियन्त्रण एवं व्यवस्थापन
- प्रदेश पुरक अनुमान तथा पेश्की खर्च र प्रदेश आकस्मिक कोष सम्बन्धी
- प्रदेश सरकारी लगानी र लाभांशको लेखा व्यवस्थापन
- प्रदेशगत विनियोजन, राजश्व, धरौटी, कार्यसंचालन कोष र अन्य सरकारी कोष तथा सम्पत्तिको एकीकृत विवरण र लेखा परिक्षण
- घरजग्गा रजिष्ट्रेशन शुल्क, सवारी साधन कर, मनोरञ्जन कर, विज्ञापन कर, पर्यटन शुल्क, कृषि आयमा कर, सेवा शुल्क, दस्तुर र दण्ड जरिवाना संकलन, बाँडफाँड र उपयोग सम्बन्धी नीति तर्जुमा, कार्यान्वयन र नियमन

३. मन्त्रालयको संगठन संरचना, दरवन्दी विवरण र मन्त्रालय अन्तर्गत रहेका संरचनाः

लुम्बिनी प्रदेश सरकार
आर्थिक मामिला तथा योजना मन्त्रालय
राप्ती उपत्यका (देउखुरी), नेपाल

# आर्थिक मामिला तथा योजना मन्त्रालय

## संगठन संरचना

**मन्त्री**

**निजी सचिवालय**
- शाखा अधिकृत/ वरिष्ठ शाखा अधिकृत-१
- वरिष्ठ प्रशासन सहायक/अधिकृत -१

**प्रदेश सचिव**
- प्रदेश सचिव (अधिकृत बाह्रौं तह)-१

**सचिवालय**
- वरिष्ठ प्रशासन सहायक/अधिकृत -१

### बजेट, योजना तथा कार्यक्रम महाशाखा
उप-सचिव/ वरिष्ठ उप-सचिव-१

**बजेट तथा कार्यक्रम शाखा**
- शाखा अधिकृत/ वरिष्ठ शाखा अधिकृत-२
- राजस्व अधिकृत/ वरिष्ठ राजस्व अधिकृत-२
- वरिष्ठ प्रशासन सहायक/अधिकृत-२
- कम्प्यूटर अपरेटर /अधिकृत (कम्प्यटर)-१

**योजना तथा अनुगमन शाखा**
- शाखा अधिकृत/ वरिष्ठ शाखा अधिकृत-१
- प्रशासन सहायक/ वरिष्ठ प्रशासन सहायक-१

### प्रशासन महाशाखा
उप-सचिव/ वरिष्ठ उप-सचिव-१

**कर्मचारी प्रशासन शाखा**
- शाखा अधिकृत/ वरिष्ठ शाखा अधिकृत- १
- वरिष्ठ प्रशासन सहायक/अधिकृत -२
- कम्प्यूटर अपरेटर /अधिकृत (कम्प्युटर)-१
- प्रशासन सहायक/ वरिष्ठ प्रशासन सहायक -१
- हलुका सवारी चालक (श्रेणीविहिन)- ४
- कार्यालय सहयोगी (श्रेणीविहिन)- ६

**आर्थिक प्रशासन शाखा**
- लेखा अधिकृत/ वरिष्ठ लेखा अधिकृत-१
- लेखापाल/अधिकृत (लेखा)-१

**कानुन तथा फैसला कार्यान्वयन शाखा**
- कानुन अधिकृत/ वरिष्ठ कानुन अधिकृत-१

### वित्त व्यवस्थापन महाशाखा
उप-सचिव/ वरिष्ठ उप-सचिव-१

**राजश्व व्यवस्थापन शाखा**
- राजस्व अधिकृत/वरिष्ठ राजस्व अधिकृत-१
- वरिष्ठ राजश्व सहायक/अधिकृत (राजस्व)-१

**वित्त हस्तान्तरण तथा स्थानीय तह समन्वय शाखा**
- शाखा अधिकृत/ वरिष्ठ शाखा अधिकृत-१
- वरिष्ठ राजश्व सहायक/अधिकृत (राजस्व)-१

**सूचना प्रविधि शाखा**
- कम्प्यूटर इन्जिनियर/ व. कम्प्यूटर इन्जिनियर-१
- कम्प्यूटर अधिकृत/ बरिष्ठ कम्प्यूटर अधिकृत -१
- कम्प्यूटर अपरेटर/ अधिकृत (कम्प्युटर) - १

### वित्तीय क्षेत्र व्यवस्थापन तथा आर्थिक विश्लेषण महाशाखा
उप-सचिव/वरिष्ठ उप-सचिव-१

**आर्थिक विश्लेषण शाखा**
- राजस्व अधिकृत/ वरिष्ठ राजस्व अधिकृत-१
- अर्थशात्री/ व. अर्थशास्त्री-१
- तथ्यांक अधिकृत/वरिष्ठ तथ्यांक अधिकृत- १
- कम्प्यूटर अपरेटर/ अधिकृत (कम्प्युटर)- १

**वित्तीय क्षेत्र व्यवस्थापन शाखा**
- राजस्व अधिकृत/ वरिष्ठ राजस्व अधिकृत-१
- वरिष्ठ राजश्व सहायक/ अधिकृत (राजस्व)-१

लुम्बिनी प्रदेश सरकार
आर्थिक मामिला तथा योजना मन्त्रालय
राप्ती उपत्यका (देउखुरी), नेपाल

ग. मन्त्रालय र अन्तर्गत रहेका संरचनाः

आर्थिक मामिला तथा योजना मन्त्रालय

↓

प्रदेश लेखा नियन्त्रक कार्यालय, दाङ

४. मन्त्रालयका महाशाखा, शाखा र जिम्मेवार अधिकारी

| महाशाखा | शाखा | महाशाखा प्रमुख | शाखा प्रमुख |
|---|---|---|---|
| बजेट योजना तथा कार्यक्रम | बजेट तथा कार्यक्रम | उपसचिव ऋषीदेव अर्याल | वरिष्ठ शाखा अधिकृत सुमन पौडेल |
| प्रशासन महाशाखा | कर्मचारी प्रशासन | | वरिष्ठ शाखा अधिकृत नारायण अर्याल |
| | आर्थिक प्रशासन | | लेखा अधिकृत धर्मेश यादव |
| | कानून तथा फैसला कार्यान्वयन | | कानून अधिकृत प्रेम प्रसाद पन्थी |
| बित्त व्यवस्थापन | राजश्व व्यवस्थापन | | वरिष्ठ शाखा अधिकृत तुल्सि राम अधिकारी |
| | वित्त हस्तान्तरण तथा स्थानीय तह समन्वय | | वरिष्ठ कम्प्युटर अधिकृत शम्भु घिमिरे |
| | सूचना प्रविधि | | वरिष्ठ कम्प्युटर अधिकृत शम्भु घिमिरे |
| वित्तीय क्षेत्र व्यवस्थापन तथा आर्थिक विश्लेषण | आर्थिक विश्लेषण | | वरिष्ठ तथ्यांक अधिकृत विकल्प चौधरी |
| | वित्तीय क्षेत्र व्यवस्थापन | | |

लुम्बिनी प्रदेश सरकार
आर्थिक मामिला तथा योजना मन्त्रालय
राप्ती उपत्यका (देउखुरी), नेपाल

११. वित्तीय प्रगति विवरणः

क. आर्थिक वर्ष २०८२/०८३ को दोस्रो त्रैमासिकसम्म यस मन्त्रालयको वित्तीय प्रगति विवरण

रु.हजारमा

| चालु तर्फ | | | पुँजीगत तर्फ | | | कुल | | |
|---|---|---|---|---|---|---|---|---|
| विनियोजन | खर्च | खर्च प्रतिशत | विनियोजन | खर्च | खर्च प्रतिशत | विनियोजन | खर्च | खर्च प्रतिशत |
| ११७१८० | १६१२१.५७ | १३.७५ | १५५०० | ५१.४३ | ०.३३ | १३२६८० | १६१७३.०१२ | १२.१८ |

१२. मन्त्रालयको वेवसाइटः

अर्थ मन्त्रालयको वेवसाइटः www.moeap.lumbini.gov.np

१३. मन्त्रालयका सूचनाहरु अन्यत्र प्रकाशन भएको विवरणः

मन्त्रालयका अधिकांश परिपत्र र सूचनाहरु मन्त्रालयको वेवसाइटमा नियमित प्रकाशन हुने गरेको, महत्वपूर्ण सूचनाहरु पुस्तक प्रकाशन भएको ।

१४. मन्त्रालयमा परेका सूचना माग सम्वन्धी निवेदनः

सूचना माग भएका निवेदनका सम्बन्धमा प्रचलित ऐन, नियमावली बमोजिम सूचना उपलव्ध गराइएको ।

१५. मन्त्रालयले गरेका सूचनासम्वन्धी कामहरुः

- महत्वपूर्ण सूचनाहरु पत्रपत्रिकामा प्रकाशन गरेको ।
- ऐन, कानून सम्वन्धी पुस्तकहरु प्रकाशन गरेको ।
- माग भए बमोजिमका सूचनाहरु लिखित वा मौखिक रुपमा सम्प्रेषण गरेको ।

१६. मन्त्रालयसँग सम्बन्धित कानूनी तथा नीतिगत व्यवस्था

क. आर्थिक तथा प्रशासनिक पक्षसँग सम्बन्धितः

१. प्रदेश आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व समबन्धी ऐन,२०८१
२. सालवसाली रुपमा बन्ने प्रदेश विनियोजन ऐन र आर्थिक ऐन
३. प्रदेश वित्त व्यवस्थापन ऐन ,२०७५
४. कर तथा गैरकर राजस्व सम्बन्धी ऐन ,२०७५
५. प्रदेश आकस्मिक कोष सञ्चालन ऐन ,२०७५
६. तथ्याङ्क ऐन ,२०७५
७. सार्वजनिक खरिद सम्बन्धी प्रदेश नियमावली ,२०७६
८. मनोरञ्जन कर नियमावली ,२०७६
९. विज्ञापन कर नियमावली ,२०७६
१०. प्रदेश तथ्याङ्क नियमावली ,२०७६
११. सञ्चित कोष सञ्चालन कार्यविधि ,२०७४